# नेपाल खीष्टियान समाज
## Nepal Christian Society
(A Common Platform of Christians in Nepal)

प्रभुका प्रिय सेवक पास्टर तथा अगुवाज्यूहरु, मितिः चैत्र १८, २०७०

**नेपाल खीष्टिय समाजको १८औं वर्ष महा सभामा सहभागी हुन निमन्त्रणा।**

यो समाज एउटा साझा गलैचाको रुपमा नेपालका खीष्टियनहरुको एक मिलन विन्दु हुनुका साथै खीष्टियनहरुद्वारा भए गरिएका कार्यहरुबारे आपसमा जानकारी आदनप्रदान गर्ने चौतारी हो र आत्मिक तथा सामाजिक सेवाद्वारा राष्ट्रको बिकास र समुन्नत्तीका लागि एकले अर्कोलाई साथ, सहयोग र उत्साह प्रदान गर्ने थलो हो। सोही अनुसार यस समाजको १८औं वर्ष महा सभा गर्न केन्द्रिय तथा सल्लाहकार समितिको बैठकले निर्णय गरेबमोजिम तीर्थ थापाको संयोजकत्वमा ११ सदस्सिय आयोजक समिति गठन गरिएको जानकारि गराउँदछौं र हुनगई रहेको १८औं वर्ष महा सभामा यहाँको उपस्थितिका निम्ति सो समितिका तर्फबाट हार्दिक निमन्त्रणा गर्दछौं।

**महा सभा हुने मिति र स्थान**

मितिः बैशाख ३० गते देखि जेष्ठ २ गते, २०७१ (तदनुसार May 13-16, 2014) महा सभा बैशाख ३० गते दिउँसो सामान्य चिया खाजाका साथ ०२ बजे सुरु भई जेष्ठ २ गते दिउँसो ०१ बजे खाना खाएर समाप्त हुनेछ।

स्थानः नेपाली ईसाई मणली, ज्ञानेश्वर, काठमाण्डौं।

**सहभागी हुने व्यक्तिहरु**

यस सभामा नेपालका वरिष्ठ पास्टर तथा खीष्टियन अगुवाहरु, जिल्ला जिल्लामा भएका खीष्टियन समाज वा ईसाई समाज एकता समाजका प्रतिनिधिहरु, मण्डली तथा मण्डली समूह र सम्प्रदायहरुका प्रमुख तथा प्रतिनिधिहरु, नेपालमा कार्यरत आई.एन.जि.ओ. र एन.जि.ओ.हरुका प्रमुखहरु आदि गरी करिव ३५० जनाको सहभागिता हुनेछ।

**महा सभामा प्रस्तुत हुने प्रमुख बिषयहरु**

- समाजको विगत, वर्तमान र भविष्यबारे जानकारी।
- मानव अधिकार, राज्य र इसाई सम्बन्धमा भए गरिएका घटनाहरुबारे प्रकाश तथा भविष्यका निम्ति सुझाव।
- इसाईहरुका समस्याबारे भए गरिएका कार्यहरु यसका उपलब्धीहरु र नयाँ नेपाल निर्माणमा खीष्टियन प्रतिबद्धताबारे जानकारी र भविष्यका निम्ति सुझाव।
- नेपालको परिवेशमा खीष्टियन समुदाय र निर्माणाधिन संविधान तथा बर्तमान राजनैतिक अवस्था उपर गहन छलफल।
- सामाजिक सेवामा खीष्टियन मिशन संस्थाहरु र एन.जि.ओ.हरुको कार्यबारे जानकारी र भविष्यमा कसरी मण्डलीहरुसंगको सहकार्यमा संचालन गर्न सकिन्छ।
- शिक्षा तथा स्वास्थ्यजस्ता सेवाद्वारा राष्ट्र निर्माणमा जिल्ला खीष्टियन समुदायको भूमिका।
- नेपाल खीष्टियन समाजको काम, कर्तव्य, जिम्मेवारी र बजेट उपर छलफल र स्वीकृति।
- केन्द्रिय समिति तथा सल्लाहकार समितिका सदस्यहरुको छनौट।

**विनम्र अनुरोध तथा जरुरी सूचनाहरु**

- सभालाई व्यबस्थित बनाउन पर्ने भएकाले प्रत्येक सहभागीहरुले आफ्नो नाम, मण्डली वा सम्प्रदाय वा संस्थाको नाम, जिल्लाको नाम, आफ्नो ईमेल ID, मोबाएल तथा फोन नं. आदि बैशाख १५ गतेभित्र nepalchristiansociety2014@gmail.com मा ईमेल गरि वा ९८१८५६७५९१ मा SMS वा फोन गरि आफ्नो सहभागिता हुने वा नहुने जानकारी गराउनु हुन अनुरोध गर्दछौं। साथै बिना जानकारी महा सभामा उपस्थित हुनुभएमा सहभागी गराउन नसकिने पनि हुन सक्नेछ।
- उपत्यकाका सहभागीहरुले रु १,०००/- दर्ता शुल्क तिर्न पर्नेछ र उपत्यका बाहिरबाट पाल्नु हुने सहभागीहरुलाई दर्ता शुल्क लाग्ने छैन तर यात्रा खर्च र सुत्ने बस्ने ब्यवस्था तपाई आफै वा तपाँईको मण्डली वा संस्थाले व्यहोर्न पर्नेछ। तर कुनै पनि उपाए नभएकाहरुलाई उपत्यकाका सहभागिहरुले आफ्नो घरमा लानु हुनेछ।
- महा सभा अवधिभर सबै सहभागीहरुलाई खानाको व्यबस्था गरिनेछ। साथै यस सभामा सहभागी हुने स्वतन्त्र मण्डली, मण्डली समूह, सम्प्रदाय, आई.एन.जि.ओ.र एन.जि.ओ. सबैले सभाका निम्ति विशेष भेटी सहयोग गर्नु हुन अनुरोध गर्दछौं।

कृपया हुन गईरहेको यस १८औं वर्ष महा सभाका लागि प्रार्थना सहित सहयोग गर्नुहुन विशेष अनुरोध गर्दछौं।

| | | |
|---|---|---|
| डा. बालकृष्ण शर्मा | पास्टर डिल्लिराम पौडेल | तीर्थ ब. थापा |
| अध्यक्ष | कोषाध्यक्ष | कन्भेनर |

समाजका दाज्यूभाईहरु आपसी एकतामा बस्नु कति भलो र असल कुरा हुन्छ। भजनसंग्रह १३३:१
How good and pleasant it is when brothers live together in unity. Psalms 133:1

P. O. Box No. 8975 EPC 1461, Kathmandu, Nepal.
Mobile: 9851101680, Phone: 5015062
Email: nepalchristiansociety2014@gmail.com